के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रञ्जित पाटी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०१२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ३०४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ मंसिर १७ गते शनिबार ❑ 3 Dec. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

उच्च राजनीतिक संस्कार स्थापित निर्वाचन सफल : प्रमुख आयुक्त

रासस

काठमाडौं, १६ मंसिर

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनले मुलुकमाउच्च राजनीतिक संस्कार स्थापित गर्न सफल भएको बताउनुभएको छ ।

निर्वाचनमा खटिएका मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, सुरक्षा निकायमा जिल्ला प्रमुखलगायतलाई धन्यवाद दिन जिल्ला निर्वाचन कार्यालय, काठमाडौंले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख आयुक्त थपलियाले आयोगले निर्वाचनको निष्ठा कायम राख्न गरेका अधिकांश अपेक्षा पूरा भएको बताउनुभएको हो ।

"हामीले नेपालमा २०४८ सालदेखिको निर्वाचन देख्दै आएका छौं । पछिल्लो पटक सबैले निर्वाचन खर्चिलो र भड्किलो भयो भन्ने सुनियो", आयोगले राखेका अपेक्षाको विश्लेषण गर्दै उहाँले भन्नुभयो, "यस कारण हामीले निर्वाचनमा यसपटक कुनै पनि पद पैसा, पहुँच र पाखुराको भरमा नभई नीति, सिद्धान्त, विचार, निष्ठा र प्रतिबद्धताले जित्नुपर्छ भन्ने स्थापित गर्‍यौं ।" उहाँले विभिन्न कारणले निर्वाचनलाई दूषित पार्ने मनसाय बोकेका व्यक्तिले मिथ्या सूचना, दुष्प्रचार र द्वेशपूर्ण अभिव्यक्तिको माध्यमबाट निर्वाचनलाई अप्ठ्यारो पार्ने कार्यलाई नजिकबाट नियमन गर्न यस पटक सफल भइरहेको पनि बताउनुभयो ।

उहाँले अब भौतिकरुपमा वा सडकबाट मात्रै नभइ सामाजिक सञ्जालमार्फत् पनि निर्वाचन प्रभावित गर्न नपाइने मान्यता स्थापित भएको बताउनुभयो । निर्वाचनमा पराजितले विजेतालाई सहर्ष आत्मैदेखि बधाई दिनसक्ने वातावरण बनाउनुपर्छ भन्ने मान्यता पनि यस पटकदेखि स्थापित भएको उहाँको भनाइ छ । उहाँले निर्वाचन अधिकृतहरुले उत्कृष्ट ढङ्गले काम गरेको भन्दै धन्यवाद दिँदै काम गर्दा केही अप्ठ्यारा आएका भए सुधारका लागि सुझाव दिन आग्रह गर्नुभयो । उहाँले आयोग वर्तमान निर्वाचन कानुनसँग सन्तुष्ट नभएको बताउँदै भन्नुभयो, "हामी वर्तमान निर्वाचन कानूनसँग सन्तुष्ट छैनौं । हामी अब छिट्टै कानून संशोधनको प्रक्रिया अघि बढाइनेछ ।" उहाँले नयाँ संसद्को नयाँ अधिवेशनमा कानून संधोशनले प्रवेश पाउने बताउनुभयो ।

पोखरा 'समृद्धि स्टील्स राष्ट्रिय औद्योगिक व्यापार मेला-२०७९' सुरु

पोखरापत्र संवाददाता

वालिङ, १६ मंसिर

पोखराको नयाँ बजारमा शुक्रबारदेखि 'समृद्धि स्टील्स राष्ट्रिय औद्योगिक व्यापार मेला- २०७९' सुरु भएको छ । पोखरा उद्योग वाणिज्य संघको आयोजनामा सुरु भएको मेलामा समृद्धि स्टिल्सको मुख्य प्रायोजन रहेको छ ।

मंसिर १६ देखि २५ गतेसम्म आयोजना हुने मेलाको शुक्रबार गण्डकी प्रदेशका कानुन, संचार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापाले उद्घाटन गरेका छन् । मेलाको उद्घाटन गर्दै मन्त्री थापाले निजी क्षेत्रको हकहितमा लगानीमैत्री वातावरण बनाउन प्रदेश सरकार प्रतिवद्ध रहेको बताए । पोखरा उद्योग वाणिज्य संघका पूर्व अध्यक्षसमेत रहेको थापाले निजी क्षेत्रको समृद्धि बिना मुलुकको समृद्धि सम्भव नभएको बताए । संघका अध्यक्ष पवनकुमार प्रजापतिको अध्यक्षतामा भएको उद्घाटन समारोहलाई पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मी, नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्षहरू अञ्जन श्रेष्ठ, दिनेश श्रेष्ठ र रामचन्द्र संघाइलगायतले सम्बोधन गरेका थिए ।

पोखरालगायत सम्पूर्ण राष्ट्रको औद्योगिक, कृषिजन्य, हस्तकलाका उत्पादन, सूचना प्रविधि, शिक्षा, स्वास्थ्य, पर्यटनलगायत कृषिजन्य उत्पादनहरुलाई सम्वर्द्धन तथा बजारीकरणमा समेत सघाउ पुऱ्याउने उद्देश्यले मेलाको आयोजना गरिएको महासचिव तथा प्रचार प्रसार संयोजक बलराम आचार्यले जानकारी दिए । 'लगानीको सम्वर्द्धन : उद्योग व्यवसायको प्रवर्द्धन' भन्ने मूल नारा रहेको मेला गण्डकी प्रदेशको व्यवसाय विस्तारको सम्भावनाको खोजी तथा प्रदेशको पर्यटकीय सम्भावना उजागर गर्ने उद्देश्यले आयोजना गरिएको हो ।

संघका महासचिव आचार्यका अनुसार नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश तथा पोखरा उद्योग वाणिज्य संघको आयोजना, गण्डकी सरकार, पोखरा महानगरपालिका एवम् नेपाल पर्यटन बोर्डको प्रवर्द्धन, पोखराको प्रतिष्ठित व्यवसायिक घराना लक्ष्मी हाउसको उत्पादन समृद्धि स्टिल्सको मुख्य प्रायोजन रहेको मेलामा मुक्तिनाथ विकास बैंक र मुक्तिनाथ कृषि कम्पनी प्राली, इ-सेवा गरिमा विकास बैंक लिमिटेड, बाल्ट्रा होम एल्लाइन्सेस तथा शिव शिखर एग्रो प्रालिको मुख्य सह-प्रायोजन रहेको छ ।

स्याङ्जा-२ मा गुरुङको अग्रता कायमै

पोखरापत्र संवाददाता

वालिङ, १६ मंसिर

प्रतिनिधिसभा सदस्य निर्वाचनको मतगणना जारी रहेको स्याङ्जा क्षेत्र नं २ मा नेपाली कांग्रेसका धनराज गुरुङको अग्रता कायम रहेको छ । कांग्रेस उम्मेदवार गुरुङ नेकपा (एमाले) उम्मेदवार पद्माकुमारी अर्यालभन्दा एक हजार पाँच सय ५८ मतले अगाडि हुनुहुन्छ ।

शुक्रबार साँझसम्मको गणनाअनुसार गुरुङले १८ हजार १९ मत प्राप्त गर्दा अर्याललले १६ हजार चार सय ६१ मत ल्याउनुभएको छ । त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीका टिकराज गुरुङले छ हजार चार सय ९० मत ल्याउनुभएको छ । कूल ७० हजार एक सय ९१ मत खसेको क्षेत्र नं २ मा साँझसम्म ४३ हजार आठ सय १६ मतगणना भएको निर्वाचन अधिकृत रामचन्द्र शर्माले बताउनुभयो । मतगणना भएको मतमध्ये ४२ हजार तीन सय ४५ मत सदर भएको छ भने एक हजार चार सय ७१ मत बदर भएको हो । हालसम्म स्याङ्जाको गल्याङ नगरपालिका-१, ६ र ७ भिरकोट नगरपालिका-५, ६, ७, ८ र ९ वालिङ नगरपालिकाको १, २, ५, ६, ७, ८, ९, १०, ११, १२, १३ र १४ तथा कालीगण्डकी गाउँपालिका-१, २, ३, ४, ५, ६ र ७ को मगतणना सकिएको छ । त्यस्तैगरी स्याङ्जा क्षेत्र नं २ (२) मा नेकपा एमालेका बुद्धिमान श्रेष्ठले अग्रता कायम गर्नुभएको छ । कालीगण्डकी गाउँपालिकाका सातवटा वडाको मतगणना सकिँदा श्रेष्ठ एक हजार ६४ मतले अगाडि हुनुहुन्छ । एमाले उम्मेदवार श्रेष्ठले पाँच हजार पाँच सय चार मत प्राप्त गर्दा कांग्रेसका उम्मेदवार महेश भट्टराईले चार हजार चार सय ४० मत ल्याउनुभएको छ । हालसम्म १० हजार सात सय ८६ मतगणना सकिएको छ भने १० हजार ६ सय ४३ मत सदर, एक सय ४३ मत बदर भएको छ ।

स्याङ्जा-२ (१)मा कांग्रेसका अर्याल विजयी

पोखरापत्र संवाददाता

वालिङ, १६ मंसिर

स्याङ्जा क्षेत्र नं २ (१) मा नेपाली कांग्रेसका उम्मेदवार भोजराज अर्याल विजयी हुनुभएको छ । आज बिहान सम्पन्न मतगणनाबाट उहाँ १५ हजार एक सय ६१ मत प्राप्त गरी विजयी हुनुभएको हो ।

कांग्रेस उम्मेदवार अर्याललले आफ्ना प्रतिस्पर्धी नेकपा (एमाले) का उम्मेदवार मोहन रेग्मीलाई दुई हजार सात सय ३० मतान्तरले पराजित गर्नुभएको हो । विसं २०७४ को निर्वाचनमा प्रदेशसभा सदस्यमा विजयी हुनुभएका रेग्मीले यसपटक १२ हजार चार सय ३१ मत प्राप्त गर्नुभएको छ । स्याङ्जा-२ (१) मा गल्याङ नगरपालिकाका ६ र ७, भिरकोट नगरपालिकाका ५, ६, ७, ८ र ९ तथा वालिङ नगरपालिकाका १, २, ५, ६, ७, ८, ९, १०, ११, १२, १३ र १४ नं गरी १९ वडा पर्छन् । विजयी अर्याल यसअघि वालिङ गाविसको अध्यक्ष र २०५४ सालमा वालिङ नगरपालिकाको नगर प्रमुख भइसक्नुभएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनको मतगणना जारी छ । स्याङ्जा क्षेत्र नं २ मा कांग्रेसका धनराज गुरुङको अग्रता कायमै छ । गुरुङले १२ हजार नौ सय ५१ मत प्राप्त गरी अग्रता लिइरहनुभएको छ । एमाले उम्मेदवार पद्माकुमारी अर्याललले १० हजार छ सय २७ मतसहित पछ्याइरहनुभएको छ । उहाँहरूबीच दुई हजार तीन सय २४ मतान्तर छ ।

माओवादी केन्द्रसँग एकता गर्ने निर्णय भएको छैन : एकीकृत समाजवादी

रासस

काठमाडौं, १६ मंसिर

नेकपा (एकीकृत समाजवादी) ले तत्काल नेकपा (माओवादी केन्द्र) सँग एकताको निर्णय नभएको जनाएको छ । पार्टी महासचिव डा बेदुराम भुसालले एक विज्ञप्ति जारी माओवादी केन्द्रसँग एकताका लागि कुनै पनि छलफल नभएको अवस्थामा विभिन्न सञ्चारमाध्यममा आएका निराधार समाचारप्रति कुनै सत्यता नरहेको प्रस्ट पार्नुभएको छ ।

दुवै पार्टी एकताबारे भइरहेको प्रचारबारे भ्रम फैल्याउन खोजिएकाले त्यस्ता समाचारप्रति विरोध गर्दै विज्ञप्तिमा भनिएको छ, "दुई पार्टीबीच तत्काल एकता गर्ने भनि आएका समाचार पूर्णतः निराधार छन्, यसमा कुनै सत्यता छैन ।" यसअघि पार्टीले हालै सम्पन्न निर्वाचनको समीक्षा गर्दै प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको विस्तृत समीक्षाका लागि केन्द्रमा प्रतिवेदन उपलब्ध गराउन प्रदेश र जिल्ला कमिटीलाई निर्देशन दिएको थियो ।

गोरखामा पृथ्वीनारायण शाहकालिन पर्यडको तयारी

पोखरापत्र संवाददाता

गोरखा, १६ मंसिर

गोरखा जिल्लाको गोरखा बजारमा आयोजित एक हप्ते एड्भान्स कुकिङ तालिमका सहभागीलाई हालै प्रमाणपत्र वितरण गरिएको छ ।

होटल संघ नेपाल गण्डकीका अध्यक्ष हरिप्रसाद शर्मा गैह्रे, होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदी लगायतका अतिथिले तालिमका ४० सहभागीलाई प्रमाणपत्र वितरण गरेका थिए । होटल संघ नेपालको आयोजना तथा संघको गण्डकी र गोरखा शाखाको समन्वयमा संचालित तालिमलाई युएनडीपी अन्तर्गतको सस्टेन्एबल टुरिजम फर लाइभ्लीहुड रिकभरी प्रोजेक्टले सघाएको थियो । तालिमको समापन गर्दै गोरखा नगरपालिकाका प्रमुख कृष्णबहादुर राना मगरले ऐतिहासिक गोरखा जिल्लाले पर्यटनको राम्रो संभावना बोकेको सन्दर्भमा आयोजित तालिमले सकारात्मक सन्देश प्रवाह गरेको बताए । गोरखा जिल्लामा थप होटल र पर्यटकीय पूर्वाधारको विकास गर्न बाँकी नै रहेको भन्दै उनले जिल्लामा पर्यटकको बसाई लम्ब्याउन नगरपालिकाले विविध योजनाहरु क्रमशः अगाडि बढाउँदै लैजाने जानकारी दिए । यसै अन्तर्गत आगामी पुस २७ गतेबाट जिल्लामा पृथ्वीनारायण शाहकालिन फौजको झल्कोदिने गरी पर्यड आरम्भ गरिने जानकारी पनि उनले दिए । यस्तो पर्यड साँझ अघि हरेक दिन संचालन हुने र यसले पर्यटकलाई भुलाउने वातावरण तयार हुने उनले सुनाए । यसका अतिरिक्त छेपेटारमा कृत्रिम ताल निर्माण गरी नौका सयर, माछा मार्ने, वरपर होटल तथा रेष्टुराँहरुको संचालन, तालमा जम्मा हुने वालुवाको उत्खनन् गरी यसको सदुपयोग गर्दै अघि बढ्ने योजना नगरपालिकाको रहेको उनले बताए । 'आर्थिक र पर्यटनका हिसावले गोरखा जिल्लालाई हामी अगाडि बढाउन चाहन्छौं,' उनले भने- गोरखा जिल्लाको मुख्य संभावना नै पर्यटन रहेको छ । होटल संघ नेपाल गण्डकीका अध्यक्ष हरिप्रसाद शर्मा गैह्रेले पर्यटनलाई अगाडि बढाउन सीप, दक्षता र सकारात्मक सोचको आबश्यकता पर्ने भन्दै यसका लागि तालिमले सघाउ पुगेको बताए । तालिम सम्पन्न गरेका सहभागीलाई आबश्यक परे रोजगारी प्रदान गर्न संघले पहल गर्ने विश्वास पनि उनले दिलाए । होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले सिकाई भन्ने विषय सधैं अपुरो नै रहने बताउँदै जिल्लामा सम्पन्न तालिम सिकाईको सुरुवात भएको बताए । तालिमले रोजगारीमा समेत टेवा दिई विदेश जान खोज्ने जनशक्तिलाई स्वदेशमा नै रोक्न सहयोग पुग्ने विचार पनि उनले राखे । पोखराको पर्यटनका लागि १५ हजार जनशक्ति आबश्यक पर्नेमा १० हजार श्रमशक्ति कोभिड लगायत विविध कारणले पलायन हुँदा समस्या परेको तथ्यांक पनि उनले दिए । होटल संघ नेपाल गोरखाका अध्यक्ष एवं गण्डकीका सचिव मानप्रसाद धितालले रैथाने खानालाई पनि मिठो गरी पकाउन र आन्तरिक पर्यटनलाई जिल्लामा आकर्षित गर्न तालिमले सघाउ पुग्ने विश्वास व्यक्त गरे ।

तालिमका सहभागी, अतिथि एवं प्रमुख अतिथिलाई उनले धन्यवाद ज्ञापन गरे । होटल संघ नेपाल गण्डकीका सदस्य एवं तनहुँका अध्यक्ष जीवन साहीले पनि कार्यक्रममा आफ्नो भनाई राखेका थिए । तालिमको प्रमुख प्रशिक्षकमा श्याम तामाङ र अर्का प्रशिक्षक एवं आलिदेखि थालीसम्म अभियानका अभियन्ता लक्ष्मण भण्डारी रहेका थिए । सहभागीहरुका तर्फबाट राजु गुरुङ र शर्मिला गुरुङले आफ्ना अनुभव सुनाएका थिए । तालिमकी सहभागी शर्मिला वाग्ले आचार्यले कार्यक्रम संचालन गरेकि थिइन् ।



तनहुँको दगममा फोनिजको अन्तरक्रिया

पोखरापत्र संवाददाता
तनहुँ, १६ मंसिर

नेपाल आदिवासी जनजाति महासंघ (फोनिज) गण्डकीले तनहुँको दगममा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

तनहुँको शुक्लागण्डकी नगरपालिका २ दगमस्थित सामुदायिक होमस्टेमा पर्यटन प्रवर्द्धनमा सञ्चारको भूमिका विषयक कार्यक्रम शुक्रबार सम्पन्न गरेको हो । सो कार्यक्रमा बोल्दै प्रमुख अतिथिसमेत रहेका गण्डकी प्रदेशका कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालयका सचिव शम्भुराज रेग्मीले शुक्लागण्डकी २ मा पर्यटनको प्रचर सम्भावना रहेको बताए । उनले विभिन्न स्थानको होमस्टेमा अवलोकनका लागि पुगेको बताउदै दगम गाउँको अत्याधिक सम्भावना रहेको धारणा राखे । 'यो गाउँ पर्यटनको एकदमै सम्भावना रहेको ठाउँ रहेछ, उनले भने, 'प्रकृतिसँग संस्कृतिमा पनि अगाडि रहेको पाए त्यसैले यो गाउँको प्रवर्द्धन गर्न अति आवश्यक छ।'

उनले दगमको विकासका लागि सडकखण्डले प्रभाव पारेको बताए। 'दगममा आउँन बाटो भएपनि कच्ची भएकाले केही असहज भएको पाए। खानेपानी र बाटोको समस्यालाई हल गर्न सकेको खण्डमा आन्तरिक मात्रै नभएर बाह्य पर्यटक पनि सहजै भित्रन सक्छ ।' उनले दगम होमस्टे पोखरादेखि नजिकै रहेकाले प्रचारप्रसारलाई व्यापक बनाउन आग्रह गरे । उनले उक्त गाउँको पर्यटन प्रवर्द्धन गर्न सहयोग गर्नेसमेत जनाएका थिए । यसैगरि शुक्लागण्डकी नगरपालिका २ का वडाध्यक्ष सुमन रानाले दगम पुग्ने सडक स्तरोन्नतीको काम अगाडि बढिसकेको बताए । 'म निर्वाचित भएको बल्ल ६ महिना भएको छ । मैले तपाइहरुलाई ५ वर्षमा बाटोको सहज पहुँच दिलाउछु भन्ने प्रतिवद्धता गरेको थिए। अहिले काम अगाडि बढिरहेको छ । तपाइहरु ढुक्क हुनुहोस् ।' उनले भने ।

यसैगरि फोनिज गण्डकीका इन्चार्ज एमबि आस्थामगरले ग्रामिण पर्यटन विकासका लागि कार्यक्रमहरु सम्बन्धित गाउँमै पुगेर गर्दै आएको बताए । उनले पत्रकार हरुको सुचना तथा समाचारकै कारण ओझेलमा परेको पर्यटकीय गाउँहरुको प्रवर्द्धनमा सघाउ पुर्याउदै आएको उल्लेख गरे । ' हामीले दगममा आउनुभन्दा पहिले तनहुँकै आदीमुल, मिछुर्लुङ, राइपुर, कास्कीको रुपा गाउँपालिका र बागलुङको ढोरपाटनमा यही सवालको कार्यक्रम आयोजना गरिसकेका छौं, उनले भने, 'पत्रकार हरुको लेख, रचना र प्रचारप्रसारले ग्रामिण पर्यटनको विकासमा टेवा पुर्याउने हाम्रो उद्देश्य हो । र केही रुपमा हामी सफल भइसकेका छौं । त्यसैले हामीले यस्ता कार्यक्रमलाई निरन्तरता दिनेछौ ।'

सो कार्यक्रममा स्थानीय अगुवा नन्द थापामगर, शुक्लागण्डकी पत्रकार मञ्चका अध्यक्ष राजन उपाध्याय लगायतले बोलेका थिए । फोनिजले पर्यटन प्रवर्द्धनमा सञ्चारको भूमिका विषयक कार्यक्रमसँगै सोही स्थानमा हिजो (बिहिबार) पत्रकारको क्षमता अभिवृद्धि कार्यक्रमसमेत सम्पन्न गरेको थियो । सो कार्यक्रममा अधिवक्ता तथा पत्रकार मनोज घर्तीमगरले प्रशिक्षण दिएका थिए । फोजिन गण्डकीका अध्यक्ष रुद्र श्रीसमगरको सभापतित्वमा सम्पन्न कार्यक्रममा उपाध्यक्ष खिमा गुरुङले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन् भने महासचिव धन बहादुर गुरुङ (सुमन) ले कार्यक्रम सञ्चालन गरेका थिए।

नेसनल प्याब्सन खेलकुद महोत्सव अर्न्तगत फुटवल खेल शनिबारदेखि

पोखरापत्र संवाददाता
पोखरा, १६ मंसिर

राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (एन प्याब्सन) कास्कीको आयोजनामा शनिबारदेखि फुटवल प्रतियोगिता सुरु हुने भएको छ।

औपचारिक रुपमा यही मंसिर २० गतेदेखि पोखरामा तेह्रौ संस्करणको नेसनल प्याब्सन खेलकुद महोत्सव हुने भए पनि अनौपचारिक रुपमा भने शनिबार देखि सिनियर छात्र तर्फ फुटवल र जुनियर छात्र तर्फ भने सेभेन ए साइड फुटवल प्रतियोगिता हुने भएको हो । पोखरा रंगशालाको बैकल्पिक फुटवल मैदान र गण्डकी प्रदेश प्रहरी गण ड्यामसाइडमा सिनियर तर्फको फुटवल खेल शनिबार विहान करिब ७:३० बजेदेखि सुरु हुने भएको फुटवल खेल संयोजक राजु केसीले बताए । उनका अनुसार जुनियर तर्फको फुटवल खेल भद्रकालिको माछापोखरी खेल मैदानमा हुने भएको छ । शनिबार देखि मंसिर १९ गतेसम्म दैनिक ५/६ वटा खेलहरु हुने भएको सह कृयाकलाप संयोजक समेत रहेका केसीले जनाए । प्रतियोगितामा छात्र सिनियर तर्फ ३७ र जुनियर छात्र तर्फको सेभेन ए साइड फुटवल प्रतियोगितामा ३३ टिमको सहभागिता रहेको उनले बताए । पोखरा रंगशालामा शनिबार विहान बड्र्स एकेडेमी र नेश्नल क्रियसन बिच पहिलो खेल हुने भएको छ । जुनियर तर्फको पहिलो खेल भने कास्की मोडनाइज एकेडेमि र सिद्धिविनायक बोर्डिङ स्कुल बिच खेल हुने भएको हो ।

मंसिर २३ गतेसम्म पोखरामा संचालन हुने उक्त महोत्सवमा एन प्याब्सनमा आबद्ध ४६ बिद्यालयका करिब ७ हजार खेलाडीहरु सहभागि हुने भएको एन प्याब्सनका अध्यक्ष हेमन्त अधिकारीले बताए ।"एन प्याब्सन कास्कीको मान्यताः विद्यालय शिक्षामा खेलकुदको अपरिहार्यता" भन्ने मूल नाराका साथ आयोजना हुने उक्त महोत्सवले विद्यार्थीको सर्वाङ्ग विकासको लागि खेलकूद अपरिहार्य रहने अधिकारीले बताए। उक्त महोत्सवमा छात्र तथा छात्रा तर्फको एथ्लेटिक्स,पुरुष फुटवल, पुरुष तर्फको बास्केटवल, महिला तथा पुरुष तर्फको व्याडमिन्टन, महिला तर्फको भलिवल लगायतका इभेण्टमा खेलहरु हुने भएको छ । मंसिर २० गते शुक्रबार राखेपका सदस्य सचिब टंकलाल घिसिङबाट उक्त महोत्सवको उद्घाटन गर्ने कार्यक्रम तय भएको आयोजकले जनाएको छ। त्यसै गरी बास्केटवल खेल संयोजक राजु कायस्थ, व्यडमिन्टन खेल संयोजक अर्जुन अधिकारी, टि.टि. खेल संयोजक शिवराज पौडेल, भलिवल संयोजक प्रकाशराज वाग्ले र मार्च पार्स संयोजक कमल बहादुर मल्लले आफ्नो तयारी तिव्र पारेको दाबी गरेका छन् ।

जनप्रियमा सहायक क्याम्पस प्रमुखको पदस्थापना

पोखरापत्र संवाददाता
पोखरा, १६ मंसिर

पोखराको जनप्रिय बहुमुखी क्याम्पसले सहायक क्याम्पस प्रमुखमा मेखराज पौडेल र रमेशबहादुर खड्कालाई नियुक्त गर्दै शुक्रबार पदस्थापना गरेको छ।

प्रमुख अतिथि तारा गिरीले खादा र सम्मानार्थ संरक्षक रामप्रसाद बस्ताकोटीले अविर लगाएर क्याम्पस प्रमुखद्वय पौडेल र खड्कालाई कार्यकक्षमा राखी नियुक्तिपत्र दिएर पदस्थापन गराएका थिए । पदस्थापन कार्यक्रमका प्रमुख अतिथि एवम् क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष तारा गिरीले नवनियुक्त सहायक क्याम्पस प्रमखद्वयलाई शैक्षिक कार्यक्रम सुधारका लागि दत्तचित्तले लाग्न र क्याम्पसलाई सधैं केन्दमा राखेर यसको प्रशासनिक र प्राज्ञिक उन्नयनमा लाग्न आग्रह गरे । कसैको दवाव र प्रभावमा नपरी विद्यार्थी र अभिभावकलाई गुणस्तरीय शिक्षाको प्रत्याभूति दिएर क्याम्पसको साख उचो राख्नु नै बधाई र शुभकामना हो भने । सम्मानार्थ संरक्षक तथा समितिका सदस्य रामप्रसाद बस्ताकोटीले शुभकामना मन्तव्य दिँदै क्याम्पसको हितमा काम गर्नेहरू कहिल्यै पछि नपर्ने बताए ।

पदभार ग्रहण गर्दै सहायक क्याम्पस प्रमुख मेखराज पौडेलले खस्कँदो नतिजालाई उकास्न विद्यार्थी उत्तीर्ण प्रतिशतलाई वृद्धि गर्दै न्युन सहभागिता रहेको आन्तरिक परीक्षालाई प्रभावकारी बनाउने प्रतिवद्धा जनाए । अर्थशास्त्रका एमफिल रमेशबहादुर खड्काले क्याम्पसको शैक्षिक तथा प्रशासनिक स्तरवृद्धिका लागि आफ्नो सक्रियता र सकारात्मक भूमिकालाई प्रभावकारी बनाउँदै बोलेर भन्दा पनि काम गरेर देखाउने प्रतिवद्धता व्यक्त गरेका छन् । क्याम्पस सञ्चालक समितिको यही मंसिर १५ गते बसेको बैठकको निर्णय र क्याम्पस सञ्चालन सम्बन्धी नियमावली २०५४को सातौं संशोधन २०७६ को नियम ११ अनुसार सहायक क्याम्पस प्रमुख नियुक्त गरिएको हो । सहायक क्याम्पस प्रमुख दुवैको कार्यकाल दुई वर्षको तोकिएको छ । पौडेल विहानी सत्र र खड्का दिवा सत्रका लागि सहायक क्याम्पस प्रमुखमा नियुक्त भएका हुन् । क्याम्पस प्रमुख लोकराज भण्डारीको सभापतित्वमा सम्पन्न पदस्थापन कार्यक्रमको सञ्चालन उपप्रशासक एकनारायण अर्यालले गरेका थिए भने सिर्जना विकास केन्द्रका अध्यक्ष कृष्णबहादुर थापाले स्वागत मन्तव्य राखेका थिए ।

असुरक्षित हुने काम नगर्न आयोगको आग्रह

रासस
काठमाडौं, १६ मंसिर

राष्ट्रियभूमिआयोगलेदेशभरका भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलन र प्रमाणीकरणको काम भइरहेको जनाएको छ।

आयोगका उपाध्यक्ष नहेन्द्र खड्काका अनुसार भूमिहीनको लगत सङ्कलन, प्रमाणीकरण, निस्सा वितरण, जग्गा नापजाँच र लालपुर्जा वितरणको काम निर्वाचन आचारसंहिताका कारण केही समय रोकिएको भए पनि अब पुनः अगाडि बढ्ने क्रममा छ।

लालपुर्जा वितरणसम्बन्धी काम सम्पन्न नभएसम्मका लागि काठमाडौं महानगरपालिकासहित सम्पूर्ण स्थानीय तह र सबै सरकारी तथा गैरसरकारी निकायलाई कुनै पनि स्थानबाट सुकुम्बासी हटाउने र उनीहरुलाई असुरक्षित हुने गरी कुनै कार्य नगर्न नगराउन आयोगले आग्रह गरेको छ।

जनतासँग गरेको वाचा पूरा गर्छु : शिक्षामन्त्री पौडेल

पोखरापत्र संवाददाता
बागलुङ, १६ मंसिर

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले निर्वाचनमा जनतासँग गरेको वाचा आगामी पाँच वर्षमा पूरा गर्ने गरी आफू काममा लाग्ने बताउनुभएको छ।

नवनिर्वाचित प्रतिनिधिसभा सदस्यसमेत रहनुभएका मन्त्री पौडेलले आफ्नो निर्वाचन क्षेत्र बागलुङको ढोरपाटन नगरपालिकाका मतदातालाई धन्यवाद दिँदै पाँच वर्षमा जनतासँग गरेको विकास र समृद्धिको वाचा पूरा गर्ने बताउनुभएको हो । उहाँले निर्वाचनमा आफूले सार्वजनिक गरेका विकास र समृद्धिका योजनालाई पाँच वर्षमा पूरा गर्न हदैसम्मको प्रयासमा लाग्ने बताउनुभयो ।

"अधुरा काम पूरा गर्दै नयाँ विकासे आयोजना थप गर्ने छु, आगामी पाँच वर्षमा जनताको आधारभूत विकास शिक्षा, स्वास्थ्य, खानेपानी र सडकजस्ता योजना हदैसम्म सफल बनाइने छ", मन्त्री पौडेलले भन्नुभयो, "पाँच वर्षमा बागलुङको पश्चिम क्षेत्रमा धेरै विकासका ढोका खोलिनेछन् ।" उहाँले अबको केन्द्रीय र प्रदेश सरकारसमेत अहिलेको गठबन्धबाटै बन्ने जिकिर गर्नुभयो । चुनावपछि जनताको साझा प्रतिनिधि भएको उल्लेख गर्दै मन्त्री पौडेलले पूर्वाधार विकासमा समान वितरण प्रणली लागू गरिने जानकारी दिनुभयो । उहाँले ढोरपाटन-साल्झण्डी सडक निर्माणलाई तीव्रता दिने, केन्द्रीय प्रसारण लाइनलाई विस्तार गरिने, आफ्नो क्षेत्रका ठूला सडकमा पक्की पुल निर्माण गर्ने र ढोरपाटनको आलुलाई प्रवर्द्धन गर्ने बताउनुभयो ।

"समावेशी विकासका लागि रूपान्तरित समाधान: पहुँचयुक्त र समतामूलक विश्वका लागि ऊर्जावान सृजनशीलताको प्रावधान"

◆अपाङ्गताको आधारमा गरिने कुनै पनि भेदभाव कानुनी अपराध हो,
◆अपाङ्गताको आधारमा कसैलाई पनि अपमान गर्ने, होच्याउने, दुर्व्यवहार गर्ने र सेवा सुविधाबाट अलग्याउने जस्ता क्रियाकलापहरु नगरौं नगराऔं,
◆अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं,
◆अपाङ्गता भएका व्यक्तिहरुमाथि हुने विभेद र अत्याचार अन्त्य गरौं ।

३१ औं अन्तरराष्ट्रिय अपांगता दिवस सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

आवश्यकता

सरु पेन्ट्स एण्ड सप्लायर्स पोखरा-३ नदीपुर वडा कार्यालय अगाडिका लागि केहि कर्मचारी आवश्यकता परेको हुँदा तुः सम्पर्क राख्नुहोला । तलव आपसी समझदारीमा । मोटरसाईकल चलाउन जान्नेलाई विशेष प्राथमिकता दिइनेछ ।

सम्पर्क:
सरु पेन्ट्स एण्ड सप्लायर्स नदीपुर, पोखरा
फोनः ०६१-५७३५७१, ९८४६४८२६७२

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाम्कोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२१४१, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

प्रतिनिधिसभा निर्वाचनमा ४० वर्षमुनिका १० र ७० माथिका १४ सांसद

रासस
काठमाडौं, १६ मंसिर

प्रतिनिधिसभा सदस्य निर्वाचनमा रुपान्तरण र युवा पुस्ताको प्रतिनिधित्वको कुरा प्रखररूपमा उठे पनि चुनावी परिणाम भने त्यस्तो देखिएनापछिल्लोमतपरिणामअनुसार प्रतिनिधिसभाको प्रत्यक्षतर्फ एक सय ६५ निर्वाचन क्षेत्रमध्ये ४० वर्षमुनिका नौ जनामात्र निर्वाचित भएका छन् ।

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्षलाई युवा उमेर समूह निर्धारण गरेको छ । नेपालको जनसङ्ख्याको १६ देखि ४० वर्ष उमेर समूहलाई हेर्दा यो कूल जनसङ्ख्याको ४० दशमलव ३५ प्रतिशत रहेको छ । त्यस्तै ७० वर्षमाथिका भने १४ जना निर्वाचित भएको निर्वाचन आयोगको तथ्याङ्कमा उल्लेख छ ।

साथै सबैभन्दा बढी ४० देखि ७० वर्ष उमेर समूहमा एक सय ३८ जना निर्वाचित भएका छन् । यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनअन्तर्गत प्रतिनिधिसभाको प्रत्यक्षका एक सय ६५ निर्वाचन क्षेत्रमध्ये शुक्रबारसम्म एक सय ६२ निर्वाचन क्षेत्रको मतपरिणाम सार्वजनिक भइसकेको छ ।

प्राप्त मतपरिणामअनुसार ४० वर्षमुनिको उमेर समूहबाट नेपाली काग्रेसका मुस्ताङबाट २ ९ वर्षका योगेश गौचन थकाली, नेकपा (एमाले) का बारा-२ बाट ४० वर्षीया ज्वालाकुमारी साह र मकवानपुर-२ बाट ४० वर्षीय महेशकुमार बर्तौला तथा नेकपा (माओवादी केन्द्र) का मोरङ-४ बाट ३७ वर्षीय अमनलाल मोदी हुनुहुन्छ ।

यस्तै ४० वर्ष उमेर समूह मुनिका राष्ट्रिय प्रजातन्त्र पार्टीका जुम्लाबाट ३० वर्षीय ज्ञानबहादुर शाही, राष्ट्रिय स्वतन्त्र पार्टीका काठमाडौं-२ बाट २७ वर्षीया सोविता गौतम, ललितपुर-३ बाट ३३ वर्षीया तोसिमा कार्की, चितवन-१ बाट ३९ वर्षीय हरि ढकाल हुनुहुन्छ । नागरिक उन्मुक्ति पार्टीका कैलाली-१ बाट ३९ वर्षीया रञ्जिता श्रेष्ठ र कैलाली-२ बाट ३७ वर्षीय अरुनकुमार चौधरी सो उमेर समूहमा रहनुभएको तथ्याङ्मा उल्लेख छ ।

७० वर्ष माथिका सांसद

यसैगरी ७० वर्ष माथिको उमेर समूहमा कांग्रेसका डडेल्धुराबाट प्रधानमन्त्री एवं सभापति ७७ वर्षीय शेरबहादुर देउवा, तनहुँ-१ बाट ७८ वर्षीय रामचन्द्र पौडेल, नुवाकोट-२ बाट ७५ वर्षीय अर्जुननरसिंह केसी, उदयपुर-१ बाट ७३ वर्षीय डा नारायण खड्का, मोरङ-६ बाट ७२ वर्षीय डा शेखर कोइराला हुनुहुन्छ । यस उमेर समूहमा एमालेका झापा-५ बाट ७० वर्षीय केपी शर्मा ओली र कपिलवस्तु-३ बाट ७७ वर्षीय मङ्गलप्रसाद गुप्ता रहनुभएको छ भने नेकपा (माओवादी केन्द्र)का सर्लाही-२ बाट महिन्द्र राय यादव हुनुहुन्छ ।

जनता समाजवादी पार्टी नेपालका ७३ वर्षीय नवलकिशोर साह सुडी, राष्ट्रिय प्रजातन्त्र पार्टीका रुपन्देही-३ बाट ७१ वर्षीय दीपक बोहरा र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)-२ बाट ध्रुवबहादुर प्रधान ७० वर्षभन्दा माथिको उमेर समूहका हुनुहुन्छ । त्यस्तै लोकतान्त्रिक समाजवादी पार्टी नेपालका महोत्तरी-३ बाट ८० वर्षीय महन्थ ठाकुर र रुपन्देही-४ बाट ७२ वर्षीय सर्वेन्द्रनाथ शुक्ला तथा राष्ट्रिय जनमोर्चाका बागलुङ-१ बाट ८० वर्षीय चित्रबहादुर केसी यस उमेर समूहका हुनुहुन्छ ।

छिम्केश्वरी केबलकारको लागत तीन अर्ब दश करोड

रासस
दमौली, १६ मंसिर

तनहुँको सबैभन्दा अग्लो डाँडा छिम्केश्वरीमा केबलकार निर्माण गरिने भएको छ । रु तीन अर्ब दश करोड लागतमा छिम्केश्वरीमा केबलकार निर्माण गर्न लागिएको हो ।

पर्यटकीय नगरी बन्दीपुरमा केबलकारसहित पूर्वाधार निर्माण गरिरहेको बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेडले दोस्रो परियोजनाका रुपमा छिम्केश्वरीमा केबलकार निर्माण गर्न लागेको हो । समुन्द्री सतहबाट दुई हजार एक सय ३४ मिटर उचाइमा छिम्केश्वरी अवस्थित छ । छिम्केश्वरीमा केबलकार निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेडका अध्यक्ष रामचन्द्र शर्माले जानकारी दिनुभयो । बन्दीपुरमा केबलकार व्यावसायिक रुपमा सञ्चालनमा आएपछि छिम्केश्वरीमा काम सुरु गर्ने तयारी छ । बन्दीपुरमा आगामी वैशाखदेखि केबलकार सञ्चालन गर्ने लक्ष्य छ ।

"छिम्केश्वरीमा केबलकार निर्माणका लागि डिपिआर तयार भएको छ", शर्माले भन्नुभयो, "बन्दीपुर केबलकार र स्थानीयको शेयर रहने गरी काम अगाडी बढाउने पक्षमा छौं ।" छिम्केश्वरीलाई धार्मिक पर्यटनको केन्द्रबिन्दु बनाउने उद्देश्यसहित केबलकार निर्माण गर्न लागिएको शर्माले बताउनुभयो । "केबलकार निर्माण भएपछि छिम्केश्वरीको विकासमा थप टेवा पुग्नेछ", शर्मा भन्नुहुन्छ । छिम्केश्वरी मन्दिरमा अहिले पनि उल्लेख्य मात्रामा भक्तजन आउने गरेकामा केबलकार निर्माणपछि उक्त सङ्ख्या झन थपिने विश्वास गरिएको छ । परियोजनाले छिम्केश्वरीमा रिसोर्ट निर्माण गर्ने लक्ष्य राखेको छ । तीन हजार छ सय मिटर लामो रहने केबलकारले दैनिक दश हजार यात्री बोक्ने क्षमता राख्नेछ । केबलकार निर्माणका लागि पृथ्वीराजमार्ग खानीखोलामा २२ रोपनी जग्गा खरिद गरिसकिएको छ । थप २५ रोपनी हकभोग गर्दै आएको तर लालपुर्जा नभएका जग्गा नियमपूर्वक गाउँपालिकाको रोहवरमा खरिद गर्ने तयारी गरिएको छ । एक हजार आठ सय मिटर पार गरेपछि खर्कमा केबलकारको 'ट्रान्जिट स्टेशन' रहनेछ । "यस ठाउँमा आकर्षक सांस्कृतिक रिसोर्ट निर्माण गरिनेछ, यो ठाउँ समुद्र सतहदेखि एक हजार दुई सय मिटरको उचाइमा अवस्थित छ", उहाँले भन्नुभयो, "यहाँ ३० रोपनी जग्गा खरिद गरिसकिएको छ ।"

हकभोग गरेको थप ६० रोपनी जग्गासमेत गाउँपालिकाको रोहवरमा नियमपूर्वक खरिद गर्ने प्रक्रिया अगाडि बढेको शर्माले बताउनुभयो । "थप ४० रोपनी लालपूर्जा रहेको जग्गा खोजी कार्य गरेका छौं", उहाँले भन्नुभयो, "सरकारसँग थप ५० रोपनी जग्गा भाडामा लिएर एक सय ९० रोपनी क्षेत्रफल जग्गामा अत्याधुनिक संस्कृति थिमपार्क रिसोर्ट बनाउने रणनीति छ ।" तीन हजार छ सय मिटर पार गरेपछि माथिल्लो स्टेशनमा पुगिनेछ । त्यस ठाउँमा भने कम्पनीको नाममा जग्गा खरिद नगरिने बताइएको छ । नेपाल सरकारसँग एक सय रोपनी जग्गा भाडामा लिएर धार्मिक गतिविधिको केन्द्र बनाउने कम्पनीको रणनीति रहेको शर्माले बताउनुभयो । यसै स्थानमा चर्चित देवी कालीमाँ छिम्केश्वरीको मन्दिर छ । गोरखा मनकामनाकी दिदीका रुपमा पुजिँदै आएकी छिम्केश्वरीमाई मन्दिरमा पूजाआजा गरेपछि मनले चिताएको इच्छा पूरा हुने धार्मिक विश्वास रहँदै आएको छ । सात देवीमध्ये जेठी बूढीदेवीमाई र माइली छिम्केश्वरीमाई छिम्केश्वरीलेकमै अवस्थित छन् भने साइली गोरखा कालीमाई, काइली मनकामनामाई, अन्तरी इच्छाकामनामाई, जन्तरी अन्नपूर्णामाई र कान्छी अकलामाईलाई सोही स्थलबाट दृश्यावलोकनसहित दर्शन गर्न सकिन्छ । विशेषगरी नयाँ वर्ष र होलीको अवसरमा विभिन्न जिल्लाबाट भक्तजन छिम्केश्वरीसम्म पुग्ने गरेका छन् । पृथ्वीराजमार्गस्थित आँबुखैरेनीबाट लाब्दीसम्म १५ किमि कच्ची सडकमा जीप यात्रा र त्यसपछि पदयात्रामार्फत छिम्केश्वरी पुग्न सकिन्छ । छिम्केश्वरीबाट अपि, सैपाल, धौलागिरि, अन्नपूर्ण, मनास्लु, बुद्ध हिमाल अवलोकन गर्न सकिन्छ ।

विश्वकप फुटबल: जापान र स्पेन नकआउट चरणमा, जर्मनी बाहिरियो

रासस
काठमाडौं, १६ मंसिर

कतारमा जारी फिफा विश्वकप फुटवल २०२२ अन्तर्गत समूह 'इ'बाट जापान र स्पेन नकआउट चरणमा प्रवेश गरेका छन् ।

समूह चरणअन्तर्गत गए राति भएका अन्तिम खेलपछि छ अङ्कका साथ जापान समूह विजेता बन्दै नकआउट चरणमा प्रवेश गरेको छ भने चार अङ्क जोडेको स्पेन उपविजेतामा सीमित भयो । तर समान चार अङ्क हुँदा पनि जर्मनी भने नकआउट चरणमा प्रवेश गर्न सकेन । समूह चरणको अन्तिम खेलमा ४-२ को गोलअन्तरले कोस्टारिकामाथि जित हासिल गरे पनि जर्मनी समूह चरणबाट बाहिरियो । स्पेनविरुद्धको खेलमा जापानको जितसँगै जर्मनीको नकआउट चरणमा प्रवेश गर्ने योजना सफल हुन सकेन भने कोस्टारिका तीन अङ्कका साथ पुच्छारमा रहँदै समूह चरणबाट बाहिरियो ।

जापन र स्पेनबीचको खेलको ११औं मिनेटमा स्पेनका लागि अल्भारो मोरातालेे गोल गर्दै स्पेनलाई अग्रता दिलाए । खेलको ४८औं मिनेटमा जापानका लागि रित्सु दोआनले गोल गर्दै खेल बराबरीमा ल्याए भने त्यसको तीन मिनेटपछि अर्थात् खेलको ५१औं मिनेटमाओ तानाकाले गोल गरेपछि जापानले २-१ को अग्रता लियो । खेलमा त्यसपछि कुनै गोल हुन सकेन र जापान समूह विजेता बन्न सफल भयो । सोही समूहको बिहीबार राति भएको अर्को खेलमा जर्मनी ४-२ गोल अन्तरले कोस्टारिकालाई पराजित गर्न सफल भयो । जर्मनीका लागि खेलको १० औं मिनेटमा सेर्ज जर्नाब्रीले गोल गर्दै खेलमा अग्रता दिलाए । खेलको ५८औं मिनेटमा कोस्टारिकाका लागि एल्टसिन तेजेदाले गोल गर्दै खेल बराबरीमा ल्याए भने जुआन प्याब्लोले ७०औं मिनेटमा गोल गर्दै कोस्टारिकालाई २-१ को अग्रता दिलाए ।

जर्मनीका लागि काइ हाभर्टेजले ७३औं मिनेटमा गोल गर्दै खेल बराबरीमा ल्याए भने ८५औं मिनेटमा दोस्रो गोल गर्दै जर्मनीलाई खेलमा ३-२ को अग्रता दिलाए । साथै खेलको ८९औं मिनेटमा निक्लास फुल्करुगले गोल गर्दै जर्मनीको जित सुनिश्चित गरे ।

तनहुँले विकासप्रेमी नेता गुमायो : वरिष्ठ नेता पौडेल

पोखरापत्र संवाददाता
तनहुँ, १६ मंसिर

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले विकासप्रेमी नेता झुलबहादुर आलेलाई तनहुँले गुमाएको बताउनुभएको छ ।

संविधानसभा सदस्य स्व आलेको परिवारलाई शुक्रबार भेटी समवेदना व्यक्त गर्दै उहाँले आलेको निधनले जिल्लाको एक विकासप्रेमी नेता गुमाउनुपरेको बताउनुभयो । तनहुँको ऋषिङ गाउँपालिका-८ स्थित आले निवासमा शुक्रबार आयोजित श्रद्धाञ्जलीसभामा पौडेलले जिल्लाको दक्षिणी भेगको खम्बा ढलेको भन्दै दुःख व्यक्त गर्नुभयो ।

निष्ठाको राजनीति गर्ने आलेले देखाएको बाटो अवलम्बन गर्नुपर्नेमा जोड दिँदै पौडेलले भन्नुभयो, "उहाँ एक विकासप्रेमी नेता हुनुहुन्थ्यो, उहाँको अभाव नेपाली कांग्रेस र यस भेगका जनतालाई सधैं भइरहन्छ", उहाँले भन्नुभयो । पौडेलले स्व आलेको अभावमा उहाँका अधुरा कामलाई अहिलेको पुस्ताले निरन्तरता दिनुपर्ने बताउनुभयो । फोक्सोको समस्याबाट पीडित रहनुभएका आलेको गत मङ्सिर ९ गते निधन भएको थियो । नेपाली कांग्रेस तनहुँका महासमिति सदस्य रहनुभएका आले दोस्रो संविधानसभाको सदस्य हुनुहुन्थ्यो ।

पर्वतमा मगर सङ्ग्रहालय निर्माण गरिँदै

पोखरापत्र संवाददाता
पर्वत, १६ मंसिर

मगर समुदायको कला संस्कृति र ऐतिहासिक परम्परालाई संरक्षण गर्नका लागि पर्वतमा मगर सङ्ग्रहालय निर्माण गर्न थालिएको छ ।

पुन युवा क्लबको अगुवाईमा जिल्ला कुश्मास्थित दुर्लुङचोक नजिकै मध्यपहाडी राजमार्गको आडैमा सङ्ग्रहालय बनाउन सुरु गरिएको हो । सङ्ग्रहालय भवनको बुधबार कुश्मा नगर प्रमुख रामचन्द्र जोशीले शिलान्यास गर्नुभएको छ ।

सङ्ग्रहालय निर्माण गर्नका लागि क्लबले अघिल्ला दुई वर्ष लगातार दुई पटकसम्म मगर महोत्सवको आयोजना गरेको छ भने यस पटकको तिहारमा देउसी भैलो खेलेर रकम सङ्कलन गरेको छ । सोही रकम र बाँकी विभिन्न सहयोग दाताबाट सङ्कलन गरेर झण्डै रु एक करोडको लागतमा निर्माण गरिने युवा क्लबका अध्यक्ष कृष्ण पुनले जानकारी दिनुभयो । मगर जातीको कला, कौशल, प्रवर्द्धनलगायत कुरामा नेतृत्वदायी भूमिका खेल्दै आएको पुन क्लबले आफूसँग भएको बजेटबाट भवन निर्माणको काम सुरु गरेको क्लबका अध्यक्ष पुनले बताउनुभयो।मगरसमुदायलगायत अन्य जनजातिका ऐतिहासिक तथा पुरातात्विक वस्तुको नमूना सङ्कलन, ऐतिहासिक पाठ्यपुस्तक, धर्म संस्कृति र भाषाको संरक्षण, कला संस्कृति, रीतिरिवाज तथा चालचलन, मगर समुदायका खानाका परिकारलगायत सबैखाले विषयलाई सङ्ग्रालयमा समेटिने जनाइएको छ ।

सबै जातजातिका भाषा, वेषभूषा, उनीहरूले प्रयोग गर्ने सामग्री, दैनिकी झल्किने चित्रलगायतका वस्तु राख्ने गरीसमेत तयारी गरिइ एको छ ।

रु २५ लाखबाट निर्माण गर्न थालिएको र काम सुरु गरेपछि विस्तारै सहयोग प्राप्त हुने क्लबले जनाएको छ । कुश्मा नगर प्रमुख जोशीले मगर समुदायका नेतृत्वमा सङ्ग्रहालय बन्ने भए पनि सबै जातजातिका पुरातात्विक महत्व बोकेका बस्तु रहने बताउनुभयो ।

उपप्रमुख स्वस्थानी रिजालले ऐतिहासिक महत्वका वस्तुको संरक्षणमा सङ्ग्रहालय महत्वपूर्ण हुने बताउनुभयो । यही मितिमा निर्माणको पूरा हुन्छ भन्ने यकिन नभएको भवन निर्माण समितिका संयोजक गुमबहादुर पुनले बताउनुभयो । रकम अभाव हुन नदिन सरकारी निकायमा पहल गर्नेदेखि आफूहरूले फेरि पनि देउसी भैलो तथा मगर महोत्सवलाई निरन्तरता दिने उहाँको भनाइ छ ।

तपाईको आज

मेष	: झमेला बढ्ने	तुला	: अप्रत्यसित लाभ
वृष	: कार्यमा सफलता	वृश्चिक	: आर्थिक समस्या
मिथुन	: मन चञ्चल	धनु	: मानसिक तनाब
ककर्ट	: सहयोग मिल्नेछ	मकर	: शारीरिक झमेला
सिंह	: सत्कार मिल्नेछ	कुम्भ	: व्यापारमा लाभ
कन्या	: सम्मान मिल्नेछ	मीन	: शत्रुको भय

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

हाजिरीजवाफ प्रतियोगितामा विन्ध्यवासिनी प्रथम

पोखरापत्र संवाददाता
पोखरा, १६ मंसिर

विन्ध्यवासिनी मा वि बाटुलेचौरले आयोजना गरेको अन्तर विद्यालय स्तरीय हाजिरीजवाफ प्रतियोगितामा विन्ध्यवासिनी मा वि प्रथम भएको छ।

पोखरा महानगरपालिका वडा नं १६ र १९ भित्रका १२ वटा विद्यालयका आधारभुत तहमा अध्ययन गर्ने विद्यार्थी सहभागी प्रतियोगितामा भारती भवन मा वि पुरून्चौर दित्तीय, र भुमेश्वर आधारभुत विद्यालय तृतीय भएको कार्यक्रम संयोजक ग्रेड सह इन्चार्ज गोविन्द शर्मा पौडेलले जानकारी दिनुभयो । यस अघि प्रतियोगिताको उद्घाटन गर्दै पोखरा १६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सिनाले बालबालिकाको शैक्षिक विकासका लागि यस्ता कार्यक्रम निकै प्रभावकारी हुने बताउनुभयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रा कुमारी अधिकारी थापाको अध्यक्षतामा भएको कार्यक्रममा अध्यक्ष थापाले विद्यार्थी को मानसिक तथा शारीरिक विकासका लागि यस्ता कार्यक्रम लाइ निरन्तरता दिइने बताउनुभयो । सो अवसरमा सहायक प्रधानाध्यापक रामबहादुर बानियाँ, कार्यक्रम संयोजक ग्रेड सह इन्चार्ज गोविन्द शर्मा पौडेल लगायतले बोलेका थिए। कार्यक्रमको सञ्चालन ग्रेड इन्चार्ज इन्दु भट्टराईले गर्नुभएको थियो।

पाहुना पर्खदै मारुनी घरबास

पोखरापत्र संवाददाता
बागलुङ, १६ मंसिर

दुङ्गाले छाएका घरले चिटिक्क मिलेको सानो गाउँ । यस गाउँमा अधिकांश मगर समुदाय । आफ्नो खेतीपाती र अर्मपर्ममा व्यस्त यहाँका महिलालाई २०७५ साल अघि घरबास (होमस्टे)को परिभाषा पत्तै थिएन ।

गाउँमा उत्पादित जैविक खानाका परिकारका स्वाद, मगर समुदायको कला संस्कृति र त्यहाँको स्थानीयको स्नेह, माया र आतिथ्यता गाउँमै सीमित थियो तर मगर समुदाय रहेको बागलुङको जैमिनी नगरपालिका-३ कालापातलमा जब मारुनी सामुदायिक घरबास स्थापना भयो त्यसपछि यहाँका महिलाको सोचमा समेत परिवर्तन आयो । गाउँकै परिवेशमा आफूले खाने गरेको खाना पाहुनालाई खुवाएर र आफ्नो संस्कृति देखाएर आम्दानी गर्न सकिन्छ भन्ने पाठ घरबास स्थापनापछि मात्रै महसुस गरेको घरबास सञ्चालिकाहरु बताउँछन् । जैमिनी-३ कालापातालमा २०७५ सालमा स्थापना भएको मारुनी घरबास अहिले बामे सर्दैछ । सञ्चालनको सुरुआती चरणमा रहेको मारुनी घरबासलाई कोरोनाले थला पाऱ्यो । "विसं २०७५ अघि घरबास के हो कुनै पत्तो थिएन, जब घरबासका लागि आमा समूह बनाएर एकजुट भयौं, पाँच घरबाट घरबास सञ्चालनको सुरुआती भयो, स्थानीय पालिका, पूर्वाधार विकास कार्यालय र गण्डकी प्रदेशको सहयोगमा घरबासका लागि अत्यावश्यक सामुदायिक भवनसमेत निर्माणको अन्तिम चरणमा छ", मारुनी घरबासका सञ्चालक समितिका अध्यक्ष भविकला थापाले भन्नुभयो, "कोरोनापछि राम्रै चलेको थियो, बर्खा लागेपछि पाहुना आउन छाडे, अहिले हामी व्यवस्थापनमै छौं, पहुनाको पर्खाइ नै हो हाम्रो घरबासमा, निर्माणाधीन सामुदायिक भवनसमेत बजेट अभावमा सकिएको छैन ।" थापाका अनुसार घरबासको सामुदायिक भवन निर्माणमा रु ४० लाख खर्च भइसकेको छ। नाचगान र सांस्कृतिक कार्यक्रम तथा सामूहिक भोजका लागि सामुदायिक घर अनिवार्य आवश्यक रहेको घरबास सञ्चालिका बताउँछन् । अहिले पाँच घर दर्ता गरेर सञ्चालनमा आएको घरबास पाहुनाको आवश्यकताअनुसार १२ घरसम्म विस्तार गर्न सकिने र एकै रातमा २५ जनासम्म पाहुना राख्न सकिने अध्यक्ष थापाको भनाइ छ । पछिल्लो समय बागलुङमा घरबास फष्टाउन थालेका छन् । कालापातलको मारुनी घरबास भर्खर प्रचारप्रसारमा आउन थालेकाले पाहुनाको सङ्ख्यामा वृद्धि अपेक्षामा कालापातलका स्थानीय रहेको रतन छन्त्याललेे बताउनुभयो । उहाँले घरबास यो समुदायका लागि नविनतम भएपछि पछिल्लो समय पहुनाका लागि सेवा सुविधा थप्नमा स्थानीय घरबास सञ्चालक लागि परेका छन् । घरबासमा स्थानीय खानाका परिकार र कलासंस्कृतिका कारण घरबासमा आउने जो कोही पाहुना लोभिने स्थानीय भैरव छन्त्याललेे जानकारी दिनुभयो । "यहाँका महिला समूह घरबास सञ्चालनका लागि कस्सिएका छन्, आमा समूहले नै खरिद गरेको जग्गामा सामुदायिक भवन बनाएका छन्", छन्त्याललेे भन्नुभयो, "सुरुआती चरण हो प्रचारप्रसार हुँदै जाला अहिले पाहुनाका लागि सेवा सविधा थपिने क्रम जारी छ, पाहुनाको आगमनमा वृद्धि हुनेमा हामी आशावादी छौं ।" घरबासमा स्थानीयले संरक्षण गरिराखेको संस्कृति मारुनी नाच र सालैजोले घरबासमा आउने पाहुनालाई आकर्षित गर्ने गरेको छ।

मारुनी सामुदायिक घरबासमा कोदोको सेल रोटी, जौको आटो, सिस्नोको परिकार, साग, गुन्द्रुक, मकै, भटमास र स्थानीय खसीबोका तथा कुखुराको मासुको परिकारको स्वाद लिन सकिने घरबास सञ्चालनक बताउँछन् । गण्डकी प्रदेश सरकारले घरबास प्रवर्द्धनका लागि दिएको रु १० लाख, नगरपालिकाको रु एक लाख ५० हजार, पूर्वाधार विकास कार्यालय र निर्वतमान गण्डकी प्रदेशसभा सदस्य सावित्रा रानाको संसद् विकास कोषको गरी रु ४० लाखको लागतमा पक्की दुईतले सामुदायिक भवन निर्माण अन्तिम चरणमा पुगेको छ । भवन निर्माणलाई सार्थकता दिन अझै रु १० लाख बजेटको आवश्यकता पर्ने घरबास सञ्चालक समितिका अध्यक्ष थापाको भनाइ छ।

घरबासको प्रचारप्रसार, घरबास सञ्चालकलाई तालिमको व्यवस्था र घरबासलाई पाहुनामैत्री बनाउन सकेमा स्थानीय महिलाको आयआर्जन वृद्धिसँगै घरबास पर्यटन फष्टाउनेमा स्थानीय घरबास सञ्चालक आशावादीमा छन् ।

नेपालले दियो नामिबियालाई १९८ रनको लक्ष्य

रासस
काठमाडौं, १६ मंसिर

आइसिसी विश्वकप क्रिकेट लिग-२ त्रिकोणात्मक एकदिवसीय सिरिजमा नेपालले घरेलु टोली नामिबियालाई जितका लागि १९८ रनको मध्यम लक्ष्य दिएको छ।

नामिबियाको युनाइटेड क्रिकेट क्लब ग्राउन्डमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपाल ४९ दशमलव ५ ओभरमा सबै विकेट गुमाउँदै १९७ रनमा समेटियो। नेपालका लागि ज्ञानेन्द्र मल्लले सर्वाधिक ७५ रनको योगदान दिए । उनले ९४ बल खेल्दै ७ चौका र २ छक्काको मद्दतमा ७५ रनको योगदान दिएका हुन् । त्यस्तै अर्जुन साउदले र गुलशन झाले समान १८ /१८ रन जोडे भने आसिफ शेखले २० रन बनाए । कप्तान रोहित पौडेल १० रनमा रन आउट भए। कुशल भुर्तेलले १३ तथा सोमपाल कामी १० रनमा आउट भए। नामिबियाका टांगेनी लंगामेनीले तीन विकेट लिए भने कार्ल बिरकेनस्टोकले दुई विकेट लिए। त्यस्तै जेरार्ड इरास्मस, बेर्नार्ड शोल्ट्ज र जेजे स्मितले समान एक एक विकेट लिए। नामिबिया अहिले जवाफी ब्याटिङमा उत्रेको छ। नामिबियाले शून्य दशमलव ४ ओभरमा विना विकेट ४ रन बनाउँदा पानी परेर अहिले खेल रोकिएको छ।

त्रिभुवन विश्वविद्यालय
वन विज्ञान अध्ययन संस्थान
पोखरा क्याम्पस, पोखरा

१. डोम टेण्ट सप्लाई गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

यस क्याम्पसका लागि फिल्डमा प्रयोग गर्ने गुणस्तरीय २० थान (६' x ८.५' साइजका) डोम टेण्ट आवश्यक भएको हुँदा भ्याट बाहेक रु. ५,६०,०००।- मा नबढाई टेण्ट सप्लाई गर्न इच्छुक, कालो सूचीमा नपरेका आधिकारिक ईजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट मिति २०७९/०९/०१ गतेभित्र रीतपूर्वकको शीलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

विस्तृत जानकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला।

क्याम्पस प्रमुख

चेन हुई र हाउ हङ फाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, १६ मंसिर

ताइपेइका चेन हुई हो र ताइपेइकै के हाउ हङ पोखरामा जारी आइटीएफ जे-५ टेनिस प्रतियोगिताकोे मेन्स सिंगल्सतर्फ फाइनलमा प्रवेश गरेका छन्।

नेपाल टेनिस संघको सहयोग तथा कास्की जिल्ला टेनिस संघको आयोजनामा जारी प्रतियोगिता अन्तर्गत शुक्रबार पोखरा रंगशालामा भएको सेमिफाइनल खेलमा जित हाँसिल गर्दै हई र हङ फाइनलमा प्रवेश गरेका हुन् । चेन हुईले ताइपेइकै काई यन याङलाई ६-१,६-३ ले तथा हङले भारतका स्मीत निलेशभाईलाई ६-१,६-१ ले पराजित गरे । महिला एकलतर्फ भारतकी दुर्गाड्सी कुमार र श्रीनिधी बालाजीले अन्तिम दुईमा स्थान बनाए। दुवै खेलाडीले रिटायर्ड हर्टमा जित हाँसिल गरेका हुन्। दुर्गाडसीले भारतकै इशी महेश्वरीबाट पहिलो सेट ६-० र दोश्रो सेट ३-० को अवस्थामा रिटायर्ड हर्ट पाइन भने श्रीनिधीले पहिलो सेट ६-४ ले आफ्नो पक्षमा परेकी थिइन्। दोश्रो सेट २-० मा हुँदा लम्मी श्री डण्डुले रिटायर्ट हर्टमा बिदा लिइन्।

मेन्स डबल्सतर्फ भारतका सागर कुमार र स्वस्तीक सर्माको जोडीले कोरियाका डोङ योङ युम र मलेसियाका केगन केथ जोनाथन जोडीबाट वाकओभर पाउँदै विजयी बने । सेमिफाइनल खेलका क्रममा युमका हातमा समस्या आएपछि उनले फाइनल गुमाएका हुन् । प्रदेश खेलकुद परिषद्, गण्डकीका उपाध्यक्ष ध्वजकुमार गुरुङले पुरस्कृत गरे । त्यस्तै, महिला डबल्सफर्त भारतका श्रीनिधी बालाजी र लक्ष्मीश्री डण्डुको जोडीले प्रथम स्थान हाँसिल गरे । भारतकै काइरा सिद्धार्थ चेत्नानी र दुर्गाडसी कुमार जोडीसंगको अन्तिम भेटमा ६-२, ६-२ को सहज जित निकाल्दै प्रथम स्थान ओगटन सफल भएका हुन् । प्रतियोगिताको फाइनल खेल शनिबार बिहान हुने छ । शनिबारदेखिनै प्रतियोगिताको सर्किट-२ शुरु हुने टुर्नामेण्ट डाइरेक्टर अजय विष्टले जानकारी दिए।

Government of Nepal (GoN)
Ministry of Agriculture and Livestock Development
Department of Livestock Services
National Livestock Breeding Office, Pokhara
Lamapatan, Pokhara, Kaski

Invitation for Electronic Bid for Work

Date of publication: 2079/08/17 (2022/12/03)

1. ***The National Livestock Breeding Office (NLBO), Lampatan, Pokhara*** invites electronic Tender(NCB)from eligible bidders for the following work specified by NLBO with following information.

IFB No.	Contract ID No.	Name of Procurement	Estimated price (NRs. with VAT and PS)	Bid Security NRs	Document Fee NRs	Bid Security Validity Period
7.1/NLBO/ 079-080	11/NLBO/ NCB/W/ 079-80	Maintenance of Shed, NLBO	49,99,903.06	1,20,000.00	3,000/-	120 Days
7.2/NLBO/ 079-080	12/NLBO/ NCB/W/ 079-80	Construction of Fencing and wall at Lower terrace, NLBO	29,9 9,980.47	75,000.00	3,000/-	120 Days

Purchase, Submission and Opening

Contract	Purchase of Bid		Submission of Bid		Opening of Bid	
	Date	Time	Date	Time	Date	Time
11/NLBO/NCB/ W/079-80	Till 01 January 2023	Online	Till 02 January 2023	Till 12:00	02-January 2023	14:00
12/NLBO/NCB/ W/079-80	Till 01 January 2023	Online	Till 02 January 2023	Till 12:00	02-January 2023	14:00
Pre-bid meeting will be held in 23thDecember 2022 at NLBO Office						

For Bid Fee	Bid Security in the form of Cash
Bank: Rastriya Banijya BankPrithivi Chowk Branch, Kaski Account No. 1000200010000 Revenue Code No.: 14229 Office Code no.: 312023902 National Livestock Breeding, 0ffice, Pokhara, Kaski Contact: 061-505389 (www.nlbo.gov.np) email: nlbc.pokhara@gmail.com	Bank: Rastriya Banijya BankPrithivi Chowk Branch, Kaski Account No: 3020100102030000(Ko.Le.Ni. Ka.Kaski) National Livestock Breeding, 0ffice, Pokhara, Kaski Contact: 061-505389 (www.nlbo.gov.np) email: nlbc.pokhara@gmail.com

2. Tender Procedures shall follow Public Procurement Act (With Amendment) and Public Procurement Regulation (11th Amendment, 2076).
3. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website http://bolpatra.gov.np/egp, as specified in the Bidding data sheet for provision of E-Bidding.Bidders should deposit the equivalent fee for bidding document in the above Revenue Account within the date and time specified above. Bids submitted in hardcopy for SQ and/or NCB contract shall not beaccepted.
4. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submitbids.
5. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO'swebsite

NLBO Chief